# आकाशवाणी समाचार- नेपाली
## मितिः १४ जून २०२६
## समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी दुई देशहरु - फ्रांस र स्लोवाकियाको भ्रमणको पहिलो चरणमा फ्रांसको शहर नीस पुग्नुभएको छ। जी-7 शिखर सम्मेलनमा भाग लिनुका साथै श्री मोदीले फ्रान्सका राष्ट्रपति म्याक्रोंसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ |
- सञ्चार मन्त्री ज्योतिरादित्य सिंधियाले हिमाचल प्रदेशमा डाक विभागद्वारा ड्रोनमा आधारित डाक सेवा शुरु गर्ने घोषणा गर्नु भएको छ।
- (इसरो) का अध्यक्ष वी नारायणनले परमाणु ऊर्जा विभागसँगको सहकार्यमा चन्द्रमाको ल्यान्डरलाई जोगाउन सक्ने एडवांस्ड आर्टिफिशियल हीटिंग सिस्टम विकास गरेको बताउनु भएको छ ।
- अमेरिकाका राष्ट्रपति डोनल्ड ट्रम्पले इरानसँग युद्धविराम सम्झौतामा आज हस्ता क्षर हुने विश्वास व्यक्त गर्नुभएको छ ।
- हिमाञ्चलमा तीन खेलको एकदिवसीय शृङ्खलाको पहिलो खेलमा भारतले अफगानिस्तानलाई सात विकेटले पराजित गरेको छ।

**पीएम-फ्रांस यात्रा**

प्रधानमंत्री नरेन्द्र मोदी दुई देशहरु - फ्रांस र स्लोवाकियाको भ्रमणको पहिलो चरणमा फ्रांसको शहर नीस पुग्नुभएको छ। जी-7 शिखर सम्मेलनमा भाग लिनुका साथै श्री मोदीले फ्रान्सका राष्ट्रपति म्याक्रोंसँग द्विपक्षीय वार्ता गर्नु हुनेछ |उहाँले संयुक्त रूपमा भारतीय शैक्षिक संस्थाहरूलाई वैश्विक लगानीकर्ताहरू र बजारहरूसँग जोड्ने शिक्षा मन्त्रालयको कार्यक्रम भारत इनोवेट्सको उद्घाटन गर्नुहुनेछ र क्षेत्रीय र वैश्विक मुद्दाहरूमा विचार-विमर्श गर्नुहुनेछ |नीस पुगे पछि प्रधानमंत्रीलाई भव्य स्वागत गरिएको थियो। भारतीय समुदायका मानिसहरुले पनि होटल नेग्रेस्को उहाँलाई न्यानो स्वागत गरेका थिए।

**Byte**

**पीएम -स्वागत**

प्रधानमन्त्री नरेन्द्र मोदीले फ्रान्सको नीसमा रहेका भारतीय समुदायप्रति आभार व्यक्त गर्नु भएको छ । एक सामाजिक सञ्जाल पोष्टमा श्री मोदीले आफ्नो स्वागतलाई अविस्मरणीय बताउनु भयो। उहाँले भन्नु भयो , 'भारतबाट धेरै टाढा भए पनि स्वदेशको साथ् प्रवासीहरुको सम्बन्ध बलियो बनेको छ।

**पीएम स्लोवाकिया-भारतीय राजदूत**

स्लोवाकियामा भारतीय राजदूत अपूर्वा श्रीवास्तवले ब्रैटिस्लावामा आकाशवाणी संवाददातासितको कुराकानीमा भन्नु भयो कि प्रधानमंत्री मोदीको भ्रमणले दुई देशहरूबीच सहयोगका नयाँ मार्गहरू खोल्नेछ र आर्थिक सम्बन्धहरूलाई बलियो बनाउनेछ।

**सञ्चार-ड्रोन सेवा**

सञ्चार मन्त्री ज्योतिरादित्य सिंधियाले हिमाचल प्रदेशमा डाक विभागद्वारा ड्रोनमा आधारित डाक सेवा शुरु गर्ने घोषणा गर्नु भएको छ। यो सेवा मण्डीको प्रधान डाक कार्यालय र प्रदेशको रेहरधार शाखाबीच शुरु गरिएको हो। यो पहल ग्रामीण डाक सेवकहरू र डाक सहायकहरूसँगको कुराकानीमा केन्द्रीय मन्त्रीले प्राप्त गरेका प्रतिक्रियामा आधारित छ, जसमा

दुर्गम र दुर्गम क्षेत्रहरूमा द्रुत कनेक्टिविटीमा जोड दिइएको छ। विभागले आगामी दुईदेखि तीन महिनामा हिमाचल प्रदेश र असमका १५० स्थानमा ड्रोनमा आधारित डाक सेवा सुरु गर्ने योजना बनाएको छ ।

मंडीको प्रधान डाकबाट लगभग १२ किलोमिटर टाढा रहेको रेहरधार शाखासम्म पुग्न अहिले दुई घण्टाभन्दा बढी समय लाग्ने मन्त्रालयले जनाएको छ । ड्रोन सेवाको साथ, यो समय केवल सात मिनेटमा घटाउनेछ।

## इसरो-लूनर लैंडर

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) का अध्यक्ष वी नारायणनले परमाणु ऊर्जा विभागसँगको सहकार्यमा चन्द्रमाको अत्यधिक चिसो मौसमबाट चन्द्रमाको ल्यान्डरलाई जोगाउन सक्ने एडवांस्ड आर्टिफिशियल हीटिंग सिस्टम विकास गरेको बताउनु भएको छ । हिज बेंगलुरुमा आयोजित सीएसआईआर-राइज कन्क्लेभलाई सम्बोधन गर्नुहुदै इसरो प्रमुखले सौर्य ऊर्जाबाट सञ्चालित चन्द्रयान-३ ल्यान्डर 'विक्रम'ले चन्द्रमामा १४ दिन मात्र काम गर्न सफल भएको जानकारी दिनु भयो । अब इसरोले परमाणु ऊर्जा विभागसँग मिलेर चन्द्रमामा २०० दिनसम्म काम गर्न सक्ने चन्द्रमामा ल्यान्डर विकास गर्नेछ । आर्टिफिसियल हिटर भएको यो ल्यान्डरले चन्द्रमाको कठोर मौसममा पनि काम गर्न सक्नेछ | उहाँले भन्नु भयो यसले भविष्यका मिसनहरूमा लामो समयसम्म मद्दत गर्नेछ।

## संशो. राजनाथ सिंह - वायु सेना दुर्घटना

रक्षामन्त्री राजनाथ सिंहले आसामको जोरहाटमा भएको एन–३२ विमान दुर्घटनामा परी पाँच बहादुर जवानहरूको मृत्युप्रति दुःख व्यक्त गर्नु भएको छ । उहाँले एक सामाजिक मिडिया पोस्टमा भन्नु भएको छ कि , 'स्क्वाड्रन लिडर प्रशान्त सिंह, फ्लाइट लेफ्टिनेन्ट शुभम कुमार, सार्जेन्ट जितेन्द्र शर्मा, अग्निवीर वायु खेमा राम कुमावत र अग्निवीर वायु दानिश आलमले कर्तव्यको रेखामा सर्वोच्च बलिदान दिएका छन्। रक्षामन्त्रीले जवानहरुको साहस र सेवालाई राष्ट्रले गर्व र कृतज्ञताका साथ सधैं सम्झने बताउनु भएको छ ।

श्री सिंहले शोक सन्तप्त परिवारहरूप्रति हार्दिक समवेदना प्रकट गर्नुहुदै यस दुःखको घडीमा देश उनीहरूको साथमा रहेको बताउनु भएको छ ।

## ऑनलाइन योग सत्र

21 जूनको अंतरराष्ट्रीय योग दिवसभन्दा पहिले आयुष मंत्रालयले आज मोरारजी देसाई राष्ट्रीय योग संस्थान र हैबिल्डको सहकार्यमा वैश्विक ऑनलाइन योग कार्यक्रम आयोजित गरिरहेको छ । यो बिहान ६ बजेर १५ देखि बिहान ७ बजेर ३५मिनटसम्म चल्नेछ । कार्यक्रममा १३० भन्दा बढी देशको सहभागिता रहने अपेक्षा गरिएको छ । आयुष मन्त्री प्रताप राव जाधव पनि कार्यक्रममा सहभागी हुनुहुनेछ । आयुष मन्त्रालयले भनेको छ, यस कार्यक्रमको उद्देश्य विश्वभरका योगमा रुचि राख्ने मानिसहरूलाई डिजिटल प्लेटफर्ममा ल्याएर विश्व रेकर्ड बनाउनु हो |

आयुष मन्त्रालयले नागरिक, शैक्षिक संस्थाहरू र स्वास्थ्य संस्थाहरू र विश्वका विभिन्न भागहरूमा रहेका भारतीय समुदायलाई यस ऐतिहासिक कार्यक्रममा सहभागी हुन आग्रह गरेको छ। योगको विश्वव्यापी आकर्षण र स्वास्थ्य र कल्याणको लागि यसको बढ्दो स्वीकार्यतालाई उजागर गर्नु यस पहलको उद्देश्य रहेको मन्त्रालयले जनाएको छ।

इच्छुक व्यक्तिहरुले 1800-315-7008मा मिस्ड कॉल दिएर कार्यक्रमको लागि पंजीकरण गर्न सक्नेछन्। सबै पंजीकृत प्रतिभागिहरुलाई उनीहरुको व्हाट्सएप नंबरमा डिजिटल प्रमाण पत्र दिइनेछ।

## अल-हिंद-यूएई-काउंसलर-सेवा

अबू धाबीमा भारतीय दूतावासले संयुक्त अरब अमीरातमा भारतीय पासपोर्ट, वीज़ा र कांसुलर सेवाहरुलाई संभालने आउटसोर्स सर्विस प्रोवाइडरमा बदलावको घोषणा गरेको छ । एक आधिकारिक बयान अनुसार, अवस्थित सेवा प्रदायकहरू - बीएलएस इन्टरनेसनल सर्भिसेज लिमिटेड र एसजीआईभीएस ग्लोबल - ले जुन ३०, २०२६ सम्म आवेदनहरू स्वीकार गर्न र प्रक्रिया गर्न जारी राख्नेछन्। टेंडरिंग र छनौट प्रक्रिया पुरा भएपछि , 'अल हिंद टूर्स एंड ट्रैवल्स एलएलसी' लाई यूएईमा भारतीय पासपोर्ट, वीज़ा र कांसुलर सेवाहरुको लागि नया आउटसोर्स सर्विस प्रोवाइडर नियुक्त गरिएको छ । यो

बदलाव 1 जुलाई, 2026 देखि लागू हुनेछ। त्यस तारीखदेखि , भारतीय पासपोर्ट, वीज़ा र कांसुलर सेवाहरुको लागि सबै आवेदन 'अल हिंद टूर्स एंड ट्रैवल्स' द्वारा संचालित तोकिएको केंद्रहरु मार्फत स्वीकार गरिनेछ। आवेदकहरूलाई जुलाई १ भन्दा पहिले पेश गरिएका सबै आवेदनहरूको लागि अवस्थित बीएलएस इन्टरनेसनल र एसजीआईभीएस ग्लोबल सेन्टरहरू प्रयोग गर्न जारी राख्न र परिवर्तन जानकारीको लागि आधिकारिक घोषणाहरू पालना गर्न सल्लाह दिइएको छ। दूतावासले भारतीय समुदायका सदस्य र अन्य आवेदकहरूलाई सही र अद्यावधिक जानकारीका लागि आधिकारिक वेबसाइट र प्रमाणित सामाजिक मिडिया प्लेटफर्महरूमा मात्र भर पर्न आग्रह गरेको छ।

**अमरीका-ईरान शांति समझौता**

अमेरिकाका राष्ट्रपति डोनल्ड ट्रम्पले इरानसँग युद्धविराम सम्झौतामा आज हस्ताक्षर हुने विश्वास व्यक्त गर्नुभएको छ। यसको तुरंतै होर्मुज जलडमरूमध्य सबैको लागि खुला गर्ने श्री ट्रंपले सोशल मीडिया पोस्टमा घोषणा गर्नु भयो। उहाँले भन्नु भयो , 'मलाई आशा छ, वार्ता सफल हुनेछ। यदि यो भएन भने, त्यहाँ अन्तिम उपाय पनि छ। अमेरिकी राष्ट्रपतिले प्रस्तावित सम्झौतालाई सन् २०१५ को संयुक्त कार्ययोजनासँग तुलना गर्नुभयो । उहाँले आफ्नो प्रस्तावित सम्झौताले इरानको आणविक हतियारमाथि पूर्ण अंकुश लगाउने बताउनु भयो। उहाँले दाबी गर्नु भयो कि इरानको परमाणु कार्यक्रम प्रभावकारी रूपमा रोकिएको छ र बाँकी परमाणु सामग्री पछि नष्ट गरिनेछ।

अर्को तर्फ ईरानका विदेश मंत्रालयका प्रवक्ता इस्माइल बाघेईले भन्नु भएको छ कि तुरंतै कुनै पनि समझौतामा हस्ताक्षरको उम्मीद अहिले छैन। उहाँले आज यो सम्झौता नहुने र केही दिनमा सम्भव हुन सक्ने बताउनु भएको छ । इरानको सार्वजनिक प्रसारक इस्लामिक रिपब्लिक अफ इरान ब्रोडकास्टिङका अनुसार बाघेईले अर्कोतर्फ असंगतिका कारण वार्ता प्रक्रियाका लागि तत्काल कुनै आशा व्यक्त गरेका छैनन्।

**क्रिकेट-भारत-अफगानिस्तान**

हिजो राति हिमाञ्चलमा तीन खेलको एकदिवसीय शृङ्खलाको पहिलो खेलमा भारतले अफगानिस्तानलाई सात विकेटले पराजित गरेको छ। १९५ रनको लक्ष्य भारतले २२ ओभर ५ बलमा हासिल गर्‍यो ।

कप्तान शुभमन गिलले 66 बलमा अविजित 84 रन बनाए। यसअघि टस हारेर पहिले ब्याटिङ गरेको अफगानिस्तानले 24 ओबर 5 बलमा 194 रन पूरा गरेको थियो। शुभमन गिल प्लेयर अफ द म्याच घोषित भए।

अफगानिस्तानका लागि रहमानुल्लाह गुरबाजले उत्कृष्ट शतक बनाए। उनले 51 बलमा 102 रन बनाए। बलिङतर्फ भारतका हर्ष दुबे र गुरनुर ब्रारले तीन÷तीन विकेट लिए। लगातारको वर्षाका कारण खेल ढिला भएको थियो र 25 -25 ओभरमा गरेको थियो। भारतले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो। भारत र अफगानिस्तानबीचको दोस्रो एकदिवसीय खेल 17 जुनमा लखनउमा हुँदैछ। .

**पुन: संशो-रात्रि फीफा विश्व कप**

फीफा विश्व कप 2026 को तेस्रो दिन, सैन फ्रांसिस्को बे एरिया स्टेडियममा ग्रुप-बीको मैच कतर र स्विट्जरलैंडको बीच ड्रॉमा टुंगिएको छ। त्यहि ग्रुप-सी मा ब्राजील र मोरक्को बीचको मैच पनि १-१ को ड्रामा टुंगिएको छ| ग्रुप-डीमा ऑस्ट्रेलिया र तुर्कीको भिडन्त आज बिहान 9 बजेर 30 मिनट मा हुनेछ भने ग्रुप-ई मा जर्मनी र कुराकाओ बिचको मैच आज राति 10 बजेर 30 मिनट देखि शुरु हुनेछ।